आज मिति २०७८ साल बैशाख ०७ गते मंगलबारका दिन कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री चक्र पाणी पाण्डेज्यूको अध्यक्षतामा कोभिड - १९ संक्रमण नियन्त्रणको तयारी सम्बन्धी छलफल तथा DCCMC को बैठक तपसिलको उपस्थितिमा बसी निम्न अनुसारको निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम थर | पद | कार्यालय/ संस्थाको नाम | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री चक्र पाणी पाण्डे | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय,कपिलवस्तु | ९८५७०३७७७७ | |
| २ | नवराज अधिकारी | प्र.उ. | जि. प्रहरी कार्यालय क.व. | ९८५७०८५५५८ | |
| ३ | ध्रुव ब. कार्की | स.प्र.उ. | स.प्र. बल, नेपाल नं. २८ गण | ९८५९२६२९९६ | |
| ४ | अर्पित राणा | सेनानी | श्री बालबल दल गण | 9851160287 | |
| ५ | हेमराज पाण्डे | प्र.ज.स्वा.अ. | स्वास्थ्य कार्यालय, क.व. | ९८५७०५३७०३ | |
| ६ | उमेश घिमिरे | हे.अ. | " " " | ९८५७५२०५३०७ | |
| ७ | ठगराज पौडेल | हे.ई. अधिकृत | बाणगंगा नगरपालिका | ९८५७६०५००८५ | |
| ८ | कृष्ण तिमिल्सिना | प्र.प्र.अ. | मायादेवी गाउँपालिका | ९८५६०५२२५० | |
| ९ | आनन्द पाण्डेल | " | बुद्धभूमि न.पा. | ९८५७०८८९९९ | |
| १० | अंशु भुसाल | CICT सहजकर्ता | स्वा. का, क.व. | 9861222320 | |
| ११ | कमल थीबागाई | प्राविधिक अधिकृत | स्वास्थ्यका लागि लक्ष्य प्रणाली | 9851215056 | |
| १२ | अमय रावत | प्र.ना.नि. | क्षेत्र प्रहरी कार्यालय तौलिहवा | ९८५६८९००६६ | |
| १३ | लिल बहादुर | " | इ. प्र. चौ. मर्यादपुर | 9857090291 | |
| १४ | रमेश गुरुङ | " | " हाथिहवा दोटौनी | 9867400279 | |
| १५ | तारा प्र. रमाल | प्र.ना.नि. | अस्थायी प्रहरी पोष्ट लिङ्गाई | 9841634845 | |
| १६ | राजिव श्रेष्ठ | " | ट्रा.प्र.को. तौलिहवा क.व. | 9841145063 | |
| १७ | जगत पौडेल | चेयर (उद्योग) कपिलवस्तु | वरिष्ठ उपाध्यक्ष | ९८५७०९४८९६ | |
| १८ | इन्द्र के.सी. | प्र.ना.नि. | इ.प्र.चौ. चाकरचौडा | ९८५९२८५१६५ | |
| १९ | बासुदेव वर्मा | पत्रकार | नेपाल टेलिभिजन कपिलवस्तु | 9847277213 | |
| २० | खेमराज अधिकारी | प्रमुख | शिवराज नगरपालिका | | |
| २१ | केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी नगरपालिका | | |
| २२ | मंगल प्रसाद थारु | प्रमुख | बाणगंगा नगरपालिका | 9847452727 | |
| २३ | लक्ष्मी गुप्ता (साह) | उप-प्रमुख | कपिलवस्तु नगरपालिका | 9803865578 | |
| २४ | मीरा चौधरी | उप प्रमुख | बुद्धभूमि न.पा. | 9867328403 | |
| २५ | रजत प्रताप शाह | न.प्रमुख | कृष्णनगर | 9847548555 | |

| सि.नं. | नाम थर | पद | कार्यालय/ संस्थाको नाम | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २६ | किरण सिंह | प्रमुख | कपिलवस्तु नगरपालिका | | [signature] |
| २७ | शुकदेव पौडेल | प्रहरी निरीक्षक | इलाका प्रहरी कार्यालय, [illegible] | ९८४६०४४३६० | [signature] |
| २८ | कुबेर ब. खत्री | प्रहरी निरीक्षक | इलाका प्रहरी कार्यालय, पक्की कि.व. | ९८४६०९०४३३ | [signature] |
| २९ | रना बं. घिसिङ | प्रहरी निरीक्षक | इ.प्र.का. [illegible] | ९८४६०४४९६२ | [signature] |
| ३० | आदित्य राज विष्ट | प्रहरी निरीक्षक | जि.प्र.का. कपिलवस्तु | 9851286040 | [signature] |
| ३१ | आजाद अहमद | जि.स. सदस्य | ने.क.पा. एमाले | ९८५८६०८०८५६ | [signature] |
| ३२ | प्रवीण कु. श्रीवास्तव | अध्यक्ष | जी.स.स. महासंघ नेपाल | ९८४६०४०८०५ | [signature] |
| ३३ | गयादीन कुर्मी | अध्यक्ष | तौ. उद्योग वाणिज्य संघ | ९८४६०२२२०५ | [signature] |
| ३४ | सुधाकर पाण्डेय | ने.का. पूर्व जि. सभापति | नेपाली कांग्रेस | ९८५६८००३३२ | [signature] |
| ३५ | सुजन घिमिरे | अधिकृत | कृष्णनगर न. पा. | ९८४६०६३४४८ | [signature] |
| ३६ | सन्तोष श्रीवास्तव | म.मं. | नेपाल रेडक्रस सोसाइटी तौ. | ९८४६०४९५४६ | [signature] |
| ३७ | गणेशप्रसाद अर्याल | प्र.प्र.अ. | शिवराज न.पा. | ९८४६०८६९९९ | [signature] |
| ३८ | शेषकान्त पौडेल | " | तौलिहवा न.पा. (कृ.वि.नि.अ.) | ९८४६०८८९९९ | [signature] |
| ३९ | नेत्रप्रसाद शर्मा | का.प्र. | चन्द्रौटा इलाका प्रशा.का. | ९८४६००५६६६ | [signature] |
| ४० | [illegible] | अध्यक्ष | पत्रकार महासंघ [illegible] | ९८६०५९७९१ | [signature] |
| ४१ | कृष्ण प्र. ज्ञवाली | प्र.प्र.अ. | शुद्धोधन गा.पा. | ९८४६०४२९०९ | [signature] |
| ४२ | रजनीश पाण्डेय | जि.को.ले. सदस्य | ज.स.पा नेपाल | 9867480950 | [signature] |
| ४३ | रूपा प्रताप पाण्डेय | संवाददाता | HTV / [illegible] | 9857050436 | [signature] |
| ४४ | गोपीकृष्ण शर्मा | अध्यक्ष | कपिलवस्तु नगर चेम्बर अफ कमर्स | 9857057223 | [signature] |
| ४५ | राधेश्याम कलवार | स्वा.शा. | महाराजगंज नगरपालिका | 9806963927 | [signature] |
| ४६ | शिवेन्द्र पासी | सूचना प्र.अ. | कपिलवस्तु नगरपालिका | 9847544410 | [signature] |
| ४७ | बजरंगी प्र. कुर्मी | अध्यक्ष | मायादेवी गाउँपालिका | 9857053999 | [signature] |
| ४८ | गुलाम अली | पत्रकार | प्राइम टाइम्स टेलिभिजन | 9847062005 | [signature] |
| ४९ | | | | | |
| ५० | | | | | |

**कोभिड-१९ संक्रमण नियन्त्रण सम्बन्धी छलफल तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकका निर्णयहरुः**

कपिलवस्तु जिल्लामा कोभिड-१९ संक्रमणको अवस्था र नियन्त्रणका लागि गर्नुपर्ने कामहरु र नेपाल सरकार मन्त्रिपरिषद्को मं.प.वै.सं.१/०७८ मिति २०७८।१।६ को बैठकको निर्णय कार्यान्वयनका लागि प्राप्त भएको पत्रका बारेमा छलफल गरी देहायानुसारको निर्णयहरु गरियो ।

१. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने गराउने। परीक्षा सञ्चालन नभएका अन्य विद्यालयमा कोभिड-१९ बाट संक्रमित पाइएमा र विद्यालय सञ्चालन गरिरहँदा थप संक्रमित हुने अवस्था देखिएमा सम्बन्धित स्थानीय तहले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी निश्चित अवधिसम्म विद्यालय बन्द गर्ने निर्णय लिने र भर्चुअल कक्षा सञ्चालनको व्यवस्था मिलाउने ।

२. अत्यावश्यक काम परेमा बाहेक घर बाहिर ननिस्कन सर्वसाधारणलाई अनुरोध गर्ने र मास्क लगाउन अनिवार्य गरिएको हुँदा पालना नगरेको पाइएमा सङ्क्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम र आवश्यकतानुसार स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार प्रयोग गरी यही वैशाख १५ गते देखि कारवाही र सजाय हुने कुरा प्रचारप्रसार गर्ने । साथै सार्वजनिक स्थल तथा सार्वजनिक यातायातमा मास्क प्रयोगका लागि १४ गते सम्म नेपाल प्रहरीलाई परिचालन गरी **"तपाईको मास्क खोइ"** अभियान संचालन गर्ने ।

३. सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्तसम्म बन्द गर्ने ।

४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालाना गर्ने गरी संवत् २०७८ साल वैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

५. एक पटकमा पच्चीस जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दुरी कायम गर्ने, मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने । जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने । सम्बन्धित उद्योग वाणिज्य तथा व्यापार संघले निर्णय पालना गर्न गराउन प्रचारप्रसार गर्ने ।

६. मेला, महोत्सव, जात्रा, पर्व ,विवाह, न्वारन, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा व्रतवन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थयका मापदण्डको पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिएर मात्र पच्चीस जनामा नबढ्ने गरी गर्ने ।

७. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पालना गरी सञ्चालन गर्ने।तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने ।

८. सार्वजनिक यातायात सञ्चालनका सम्बन्धमा देहाय बमोजिम गर्न गराउन व्यवसायी तथा सञ्चालकलाई निर्देशन दिने र ट्राफिक प्रहरी तथा सुरक्षा निकायले पालना गराउनेः-

(क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

(ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

(ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,

(घ) चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

(ङ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नुपर्ने,

(च) सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा वा सहचालकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,

(छ) मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,

(ज) लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसि) लाई उपलब्ध गराउने ।

९. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१०. होटेल तथा रेष्टुरेन्टले विहान ८.०० बजेदेखि बेलुका ८.०० बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गर्ने गराउने । होटेल तथा रेष्टुरेन्ट व्यवसायी संघले प्रचारप्रसार गर्नेः-

(क) होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

(ख) होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

(ग) कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

(घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

(ङ) होटेल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,

(च) होटेल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने ।

(छ) होटेल तथा रेष्टुरेण्टमा सेवाग्राहीको सम्पर्क नम्वर सहितको नाम र ठेगाना उल्लेख गरी रजिष्टरमा रेकर्ड राख्ने । अनुगमनका क्रममा रेकर्ड राखेको नपाइएमा कारवाही हुने ।

११. राष्ट्रिय राजमार्गहरुमा सञ्चालित हेटेल तथा रेष्टुरेन्टहरुले बुँदा नं. १० बमोजिमका जनस्वास्थ्यका मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१२. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१३. नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने।

१४. कोभिड-१९को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहाय बमोजिम गर्न गराउन सबै पालिकाहरुलाई पत्राचार गर्नेः-

(क) १५ वेडसम्म क्षमता भएका सरकारी, गैरसरकारी र निजी अस्पतालसँग सङ्क्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सिफारिस गरी पठाउने ।

(ख) होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुऱ्याउने काममा सहजीकरण गर्ने । कोभिड-१९ संक्रमितलाई मात्र प्रयोग गर्ने गरी कुनै पालिकाको एम्बुलेन्स तोकि नजिकका पालिकाहरु एकआपसमा मिलेर संयुक्त रुपमा सञ्चालन गर्ने ।

(ग) कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा नेगेटिभ आएका व्यक्तिको पी.सी.आर.परीक्षण गर्ने व्यवस्था मिलाउने । नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने।

(घ) आवश्कता अनुसार आफ्नो स्थानीय तहभित्र स्वाव सङ्कलन गर्ने व्यवस्था मिलाउने।

(ङ) स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयं सेवक परिचालन गर्ने गराउने ।

(च) स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।

(छ) कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायले पच्चीस जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने । तर सो बमोजिम गर्न सम्भव नभएमा "कोभिड-१९ का कारण मृत्यू भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६" अनुसार नेपाली सेनाले गर्ने। शव वाहन तथा शव व्यवस्थापन स्थलको व्यवस्थापन सम्बन्धित पालिकालाई मिलाउने ।

(ज) क्वारेन्टिन, आइसोलेसन, केश इन्भेस्टिगेसन, कन्ट्याक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने।

(झ) सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था मिलाउने।

(ञ) उपर्युक्त कार्यहरुमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति वा उपभोक्ता समितिलाई परिचालन गर्ने र आवश्यकता अनुसार त्यस्ता समिति गठन गरी परिचालन गर्ने ।

१५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्ने गराउने व्यवस्थाका लागि सबै स्थानीय तहहरुलाई पत्राचार गर्नेः-

(क) कोभिड-१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहित गर्ने ।

(ख) परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने ।

(ग) क्वारेन्टिन वा आइसोलेसनमा बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने ।

(घ) घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्ट्याक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने ।

(ङ) दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना स्थानीय तहलाई दिने ।

(च) साठी वर्ष माथिका नागरिक,दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने।

(छ) कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय संघ-संस्था, क्लब, शिक्षक तथा स्वयंसेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने ।

१६. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्न गराउन प्रचारप्रसार र अपिल गर्नेः-

(क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रुपमा पालना गर्ने ।

(ख) घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नुपर्ने मास्क बन्द डस्टविन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने ।

(ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने ।

(घ) विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तिमा दश दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने ।

(ङ) पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाव दिए पछि नतिजा नआएसम्म बाहिर हिंडडुल, भेटघाट र बैठक नगर्ने ।

(च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने ।

(छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने ।

(ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने ।

७

१७. माथि उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघ संस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने ।

१८. व्यावसायिक, पेशागत र सामुदायिक संघ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्ने ।

१९. यस जिल्लामा रहेको अन्तर्राष्ट्रिय स्थलगत सीमा नाका कृष्णनगरबाट प्रवेश गर्ने व्यक्तिलाई क्वारेन्टिन, आइसोलेसन वा गन्तव्यमा पुर्याउन स्थानीय तहले सहजीकरण गर्ने र नाका नजिक पायक पर्ने स्थानमा कम्तीमा एकहजार क्षमताको होल्डिङ सेण्टरको निर्माण गर्ने ।

२०. छिमेकी राष्ट्रको सीमा क्षेत्रका बजारहरुमा किनमेल गर्न जाँदा कोभिड-१९ को जोखिम अझै बढ्ने हुँदा नजान सर्वसाधारणलाई अनुरोध गरिन्छ, साथै सीमा क्षेत्रमा संक्रमित बढेको पाइएमा किनमेल गर्न जान आउन निषेध गरिनेछ ।

२१. यस बैठकका निर्णयहरु र नेपाल सरकारले सङ्क्रामक रोग ऐन, २०२० को दफा (२) ले दिएको अधिकार प्रयोग गरी जारी गरेको आदेश पालना गरेको नपाइएमा वा अवज्ञा गरेमा वा आदेश कार्यान्वयनमा बाधा पुर्याएको पाइएमा बाधा पुर्याउने व्यक्ति तथा संस्थालाई प्रमुख जिल्ला अधिकारीबाट सोही ऐनको दफा (२) को उपदफा (२) बमोजिम र आवश्यकतानुसार स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार प्रयोग गरी कारवाही र सजाय हुने हुँदा सोको आदेश र सूचना जारी गर्ने ।

२२. यस बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन गर्ने सबैको दायित्व र कर्तव्य भएकोले सबै स्थानीय तह, सरकारी तथा गैह्रसरकारी निकाय, संघ संस्था, सरोकारवाला निकाय तथा प्रतिष्ठान र सञ्चार माध्यमहरुले आ-आफ्नो तर्फबाट पहल तथा प्रचारप्रसार गरी नागरिकको जीउज्यानको सुरक्षामा सहयोग पुर्याउने ।

२०७८।१।१८